दिनभरीको किन्डरगार्टेन

अभिभावकहरुका लागि प्रश्न उत्तर निर्देशिका

दिनभरीको किन्डरगार्टेन शुरु गर्नु तपाईं र तपाईंको बालबालिकाकाको लागि पहिलो रोमान्चक पाईला हो । यस निर्देशिकाले दिनभरीको किन्डरगार्टेनबारे केही जानकारी र यो कसरी काम गर्छ वा यसले तपाईंको बालबालिकालाई कसरी सहयोग गर्नेछ भन्ने केही प्रश्नहरुको उत्तर दिनेछ ।

दिनभरीको किन्डरगार्टेन भनेको के हो ?

सेप्टेम्बर २०१० मा, ओन्टारियोले चार र पाँच वर्षका बालबालिकाहरुका लागि दिनभरीको किन्डरगार्टेन शुरु गरेको हो । सेप्टेम्बर २०१४ सम्ममा, प्रान्तका सबै प्रारम्भिक विद्यालयहरुमा यो कार्यान्वयनमा आउनेछ ।

दिनभरिको किन्डरगार्टेनले दिने सेवाहरुः

- नियमित विद्यालयका दिनहरुमा खेलसँगै सिक्ने, एउटा शैक्षिक कार्यक्रम
- नियमित विद्यालयको दिनलाई पूरा गर्न विद्यालय समयको अघि र पछि हुने कार्यक्रमहरु यो ऐच्छिक हो र अभिभावकहरुका लागि यो उचित मूल्यमा उपलब्ध छ । योग्य परिवारहरुका लागि आर्थिक सहायतका पनि दिईनेछ । अभिभावकको मागका आधारमा बोर्डहरुले यी कार्यक्रमहरु विद्यालय समयको अघि वा पछि उपलब्ध गराउने छन् ।

मेरो बालबच्चाले कसरी फाईदा लिने छन् ?

भईरहेका किन्डेरगार्टेन कार्यक्रमजस्तै, दिनरिको किन्डरगार्टेन चार र पाँच वर्षका बालबालिकाहरुका लागि ऐच्छिक हो । तर दिनभरिको - किन्डरगार्टेनजस्ता -प्रारम्भिक सिकाईमा सहभागी हुने बालबालिकाहरुले जीवनमा सशक्त शुरुवात गर्ने अध्ययनले देखाएको छ । दिनभरिको किन्डरगार्टेनमा, तपाईंको बालबच्चाले निम्नाअनुसारका फाईदाहरु लिन सक्छन्ः

• विद्यालयमा सशक्त शुरुवात

प्रारम्भिक जीवनमा लिईने एउटा दिनभरिको सिकाईले तपाईंको बालबालिकाको पढ्ने, लेख्ने र गणितको सीप विकासमा सहयोग पुर्‍याउँछ र भविष्यमा सिकाईका लागि मजबुत जग बसाल्छ । यसले तपाईं र तपाईंको बालबालिकाहरुका लागि ग्रेड १ मा जाने समयलाई पनि सजिलो बनाउँदछ । विद्यालय शुरु गर्ने अनुभव रमाईलो भए पछि, बालबालिकाहरु सिकाईप्रति धेरै नै झुकाव राख्छन् र विद्यालयको अनुभव हुनका लागि ईच्छुक हुन्छन् ।

ontario.ca/EDUparents

Ontario

• सहपाठीहरुसँग धेरै समय बिताउने मौका

नियमित विद्यालयका दिनहरुमा, तपाईंको बालबालिकाले अन्य बालबालिकासँग अन्तरक्रिया गर्ने मौका पाउँछन् र भविष्यमा सफलताका लागि आवश्यक शैक्षिक र सामाजिक सीपको विकास गर्ने छन् । तपाईंको बालबालिकाहरुलाई विद्यालय अघि र पछि हुने कार्यक्रमहरुले परिचित वातावरणमा अन्य बालबालिकाहरुसँग अझ धेरै समय बिताउने अवसर प्रदान गर्दछ ।

• एउटा असीमित र एकिकृत दिन

विभिन्न कार्यक्रमहरु र स्थानहरुमा जानुभन्दा, तपाईंको बालबालिकाहरुले कर्मचारी र साथीहरुसँग परिचित वातावरणमा सिक्ने मौका पाउने छन् ।

मेरो बालबालिकाको सिकाईमा कसले सहयोग गर्ने छन्?

शिक्षक र प्रारम्भिक शिक्षकहरुले संयुक्त रुपमा तपाईंको बालबालिकाहरुलाई विद्यालयका दिनहरुमा सिकाईमा सहयोग गर्नेछन् । उनीहरुले प्रत्येक बालबालिकाको विकासको क्रम र क्षमतामा आधारित चुनौतीपूर्ण सावधानीपूर्वक निर्माण गरिएको कार्यक्रम कार्यान्वयन गर्ने छन् ।

कार्यक्रममा प्रारम्भिक शिक्षक र शिक्षकहरुले ल्याउने परिपूरक सीप र अनुभवहरुबाट पनि तपाईंको बालबालिकाहरु फाईदा लिन सक्ने छन् । दिनभरिको विद्यालय दिनका लागि दुई जना योग्य व्यवसायिकहरुको कक्षाकोठमा उपस्थितीले, तपाईंको बालबालिकाले धेरै ध्यान पाउने छन् र सिकाईको अवसरहरु पनि पाउने छन् ।

नियमित विद्यालय दिनको दौरान मेरा बालबालिकाले के सिक्नेछन् र गर्नेछन् ?

अन्वेषण गर्न, आविष्कार गर्न र हुर्किन सहयोग गर्ने कलिला शिक्षार्थीहरुका लागि बनाईएका विभिन्न क्रियाकलापहरुमा तपाईंको बालबालिका संलग्न हुने छन् ।

कलिला बालबालिकाहरुका लागि खेल्नु र सिक्नुबीच मजबुत सम्बन्ध रहेको अनुसन्धानले देखाएको छ, विशेष गरि समस्या समाधान गर्न, भाषा र अंकहरुको सीप, र सामाजिक, शारिरीक र भावनात्मक सीपहरुको क्षेत्रहरुमा । तपाईंको बालबालिकाले स्वाभाविक खेलहरुमा भाग लिने छन्, र, शिक्षक र बाल्यावस्थाका प्रारम्भिक शिक्षकहरुको निर्देशनमा, खेलमाथि आधारित गम्भिर सिकाईहरुमा पनि उत्तिकै सहभागी बन्नेछन् । यी क्रियाकलापहरुले तपाईंको बालबालिकालाई सृजनात्मक सोच्न, अन्वेषण गर्न र अनुसन्धान गर्न, समस्या सुल्झाउन र सिकाईका बारेमा अरुसँग बाँड्न सहयोग गर्ने छ ।

विद्यालय र जीवनभरि सफलता पाउनका लागि जग बसाउने उद्देश्यकासाथ तपाईंको बालबालिकाहरुलाई सामाजिक, भावनात्मक, शैक्षिक र शारिरीक सीपहरु सिक्न दिनभरिका किन्डरगार्टेन कक्षा लिने शिक्षक र बाल्यकालका प्रारम्भिक शिक्षकहरु नयाँ पाठ्यक्रमबाट निर्देशित हुने छन् ।

खेलकूदसँगै सिकाईका उदाहरणहरु

अन्वेषण र अनुसन्धानः

धेरै बालबालिकाहरुले साना डुंगाहरु बनाउने छन् र पानी केन्द्रमा ल्याउने छन् । प्रत्येक बालबालिकाले आफ्नो डुंगा पानीमा राख्नेछन् र एकपटकमा एउटा सीप वा शंख पालैपालो राख्ने छन् । अर्को एकजना सहयोगीले कति वटा शंख वा सीप राखिए भन्ने एउटा साधारण गणना राख्ने छन् । शिक्षक वा बाल्यकालका प्रारम्भिक शिक्षकहरुले बालबालिकाहरुलाई डुब्नु अघि कुन डुंगामा सबैभन्दा बढी सीप वा शंख अटाए भनेर सोध्ने छन् र अन्य डुंगाहरुभन्दा यो कसरी फरक छ भन्ने बारे सोंच्न लगाउने छन् ।

सृजनात्मक सोंचाईः

आफू जत्रै अग्लो टावर बनाउन बालबालिकाहरुको सानो समूहले विभिन्न प्रयास गर्ने छन् । गर र हेरको प्रक्रियाबाट, टावरको जग फराकिलो नबनाएसम्म अग्लो बनाउन नसकिने उनीहरुले आविष्कार गर्ने छन् । उनीहरुले सकिएका कामहरुको चित्र बनाउने छन् र उनीहरुको समाधान पनि त्यसैमा लेख्ने छन् ।

पर्यवेक्षण र सिकाईः

पुनर्चक्रण सामग्रीहरुबाट चरालाई आहार खुवाउने यन्त्र बनाएपछि, बालबालिकाहरुले त्यसलाई आफ्नो कक्षाकोठाको झ्याल बाहिरको रुखमा राख्नेछन् । उनीहरुले त्यसपछि प्रत्येक चारो खुवाउने भाँडो राखिएका रुखमा भएको क्रियाकलाप पर्यवेक्षण गर्ने छन् र अभिलेख पनि राख्नेछन् । शिक्षक र बाल्यकालका प्रारम्भिक शिक्षकहरुको सहयोगले, र आफ्नै पर्यवेक्षणमा आधारित, केही बालबालिकाहरुले ती चारो खुवाउने भाँडोहरुमा केही परिवर्तन गर्ने छन् र फेरी त्यही राख्नेछन् अनि त्यसपछि चराको क्रियाकलापमा आएको परिवर्तन पर्यवेक्षण गर्नेछन ।

विद्यालय अघि र पछि मेरा बालबालिकाले के गर्नेछन् ?

शैक्षिक सत्र दौरान, केही विद्यालयहरुले पर्याप्त अभिभावकहरुको सहमती भएमा विद्यालय अघि र पछिका कार्यक्रमहरु संचालन गर्नेछन् । नियमित विद्यालयका दिनहरुमा हुने सिकाईका लागि यो कार्यक्रमले परिपूरकको काम गर्नेछ । बाल्यकालका प्रारम्भिक शिक्षकहरुको स्याहारमा, विद्यार्थीहरुले चुपचाप पढ्ने समयमा सहभागी हुनेछन्, जीमखानाभित्र वा बाहिरका क्रियाकलपाहरुमा सहभागी हुने छन्, कम्प्युटर प्रयोगशालामा जानेछन्, र कक्षाकोठामा खेल्ने समय पनि पाउनेछन् ।

अभिभावकहरुको पर्याप्त माग भएमा र बोर्डसँग पनि क्षमता भएमा, केही विद्यालय बोर्डहरुले यस्ता कार्यक्रमहरुलाई वर्षमा अन्य बेला पनि विस्तार गर्न सक्नेछन्, गर्मी र मार्चको छुट्टीमा समेत । उनीहरुले ६ देखि १२ वर्षसम्मका बालबालिकाहरुका लागि पनि यसता कार्यक्रमहरु संचालन गर्न सक्ने छन् ।

यी कार्यक्रमहरु ऐच्छिक हुन् र विद्यालय बोर्डले उचित मुल्यमा उपलब्ध गराउने छन् । विस्तृत जानकारीका लागि तपाईंको स्थानीय प्रधानाध्यापक वा बोर्डसँग सम्पर्क गर्नुहोस् । नगरपालिकाबाट, आर्थिक आवश्यकताका आधारमा, केही परिवारका लागि सहुलियत पनि उपलब्ध छन् ।

म कसरी संलग्न हुन सक्छु र

तपाईंको बालबालिकाको हरेक चरणको शिक्षामा तपाईंको संलग्नताले निकै महत्व राख्दछ । दिनभरिका किन्डरगार्टेनबाट तपाईंको बालबालिकाले पूर्णरुपमा फाईदा उठाउन तपाईंले गर्न सहयोगबारे केही साधारण तरिकाहरु यहाँ दिईएका छन्ः

- शिक्षक र बाल्यकालका प्रारम्भिक शिक्षकहरुसँग कुराकानी गर्नुहोस् र हरेक दिन घरमा तपाईंको बालबालिकाहरुलाई कसरी सहयोग गर्न सक्नुहुन्छ भनेर सोध्नुहोस्; उदाहरणका लागि, उनीहरुका लागि पढिदिएर, उनीहरुसँग खेलेर; र अन्य सिकाईका रमाईला क्रियाकलापहरुमा सहभागी भएर ।
- तपाईंको बालबालिकाको सिकाईमा ईच्छा देखाएर, पारिवारिक छलफलको विषयमा विद्यालय र सिकाईलाई मुख्य विषय बनाएर । बालबालिकाले दिनभरि के गरे वा के सिके भनेर पनि तपाईंले सोध्न सक्नुहुनेछ । उदाहरणका लागिः
  - आज तपाईंले कुन केन्द्रमा काम गर्नुभयो (उदाहरणका लागि, ब्लक, बालुवा, पानी, पुस्तकालय, नाटक) ? तपाईंले त्यहाँ के गर्नुभयो ?
  - तपाईंको कक्षामा आज विशेष अतिथी आउनुभएको थियो । उहाँ को हुनुहुन्थ्यो ? उनीहरुले के विषयमा कुराकानी गरे ? उनीरुले साथमा के ल्याएका थिए ?
  - तपाईंको कक्षाकोठाको बुलेटिन बोर्डमा तपाईंले बनाउनु भएको चित्र झुण्डिएको मैले देखेको थिएँ । तपाईंले कसरी बनाउनु भयो मलाई भन्नुहोस् त । के बनाउने भनेर कसरी निर्णय गर्नुभयो ?
- अभिभावक र परिवारहरुका लागि आयोजना गरिएका जानकारी सभा वा अन्य कार्यक्रमहरुमा सहभागी बन्नुहोस् ।
- तपाईंको बालबालिकाको विद्यालयको अनुभवप्रति केही जिज्ञासा वा प्रतिक्रिया भए तपाईंको बालबालिकाको शिक्षक वा बाल्यकालका प्रारम्भिक शिक्षकहरुसँग कुराकानी गर्नुहोस् ।

ओन्टारियोले दिनभरिको किन्डरगार्टेन किन कार्यान्वयन गरेको हो ?

आजको जटिल विश्वमा, हाम्रा बालबालिकाहरका लागि शिक्षा सबैभन्दा महत्वपूर्ण छ । दिनभरिको किन्डरगार्टेन तपाईंको बालबालिकाका लागि विद्यालय र जीवनमा सशक्त शुरुवात दिनका लागि बनाईएको छ । दिनभरिको किन्डरगार्टेन चार र पाँच वर्षका बालबालिकाहरुका लागि प्रारम्भिक सिकाई र विकासमा सहयोग पुर्‍याउने, मजबुत विद्यालय प्रणाली बनाउने र ओन्टारियोको दीर्घकालीन आर्थिक प्रतिस्पर्धी अवसरमा योगदान दिने ओन्टारियोको योजनाको एउटा भाग हो ।

के तपाईंसँग थप प्रश्नहरु छन् ?

तपाईंको विद्यालयको प्रधानाध्यापकलाई सोध्नुहोस् तपाईंको विद्यालयमा भएको दिनभरिको किन्डरगार्टेनबारे थप जानकारीका लागि

दिनभरिको किन्डरगार्टेनबारे थप जानकारी पाउन र विद्यालयहरको सूची हेर्नका लागि, **www.ontario.ca/kindergarten**

फोन गर्नुहोस् **1-800-387-5514** निःशुल्क टोल-फ्रि र **(416) 325-2929** ओन्टारियो बाहिरबाट अंग्रेजी र फ्रेन्चमा जानकारी लिनका लागि

यो विवरण पुस्तिका र अभिभावकहरु बारे विभिन्न भाषामा थप जानकारी पाउनका लागि **www.ontario.ca/EDUparents**

सर्भिस ओन्टारियो मार्फत अंग्रेजी र फ्रेन्चमा प्रकाशित यस विवरण पुस्तिकाको प्रतिलिपीहरु अर्डर गर्नका लागि **www.ontario.ca/publications**

ISBN 978-1-4606-1292-7 (PDF) (Nepali) © क्विन्स् प्रिन्टर फर ओन्टारिओ, 2013

Ontario